# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड २</td><td>संख्या १</td><td>मिति ............</td></tr>
<tr><td colspan="3">भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

# अर्जुनचौपारी गाउँपालिकाको सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन)सम्बन्धी कार्यविधि, २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०/०१/१३

**प्रस्तावनाः**

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा सेवा करारमा गाउँ प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ का उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि वाञ्छनीय भएकोले, अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१) "अध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४" सम्झनु पर्दछ।

३) "कार्यविधि" भन्नाले अर्जुनचौपारी गाउँपालिकाकाको सेवा करारमा गाउँप्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

४) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

५) "गाउँ प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका गाउँ प्रहरी लाई सम्झनु पर्दछ ।

६) "समिति" भन्नाले दफा ६ (२) बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ।

७) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाकालाई बुझ्नुपर्दछ।

## परिच्छेद - २
## गाउँ प्रहरीको गठन, रेखदेख र नियन्त्रण

**३. गाउँपालिका र गाउँ प्रहरीको सम्बन्धः** गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी गाउँ प्रहरी नियुक्त गरिनेछ। समस्त गाउँ प्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ।

**४. गाउँपालिकामा रहने गाउँ प्रहरीको संख्या, पद र तहः**

१) गाउँपालिकामा रहने गाउँ प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा गाउँ सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

**५. गाउँ प्रहरीका काम, कर्तव्य र अधिकारहरुः**

क) ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) (२) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिची कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरी अध्यक्षको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए अध्यक्षबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने। तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ अध्यक्ष समक्ष पेश गर्ने।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने

९. खतरा उत्पन्न हुने रुख काट लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने।

१२. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने।

१३. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने। विना ईजाजत मादक पदार्थको विक्री वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने।

१४. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने ।

१५. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने ।

१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७. बजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस,पार्लर जस्ता व्यावसायिक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा आफ्नो गाउँपालिकामा जानकारी गराउने।

१९. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँ पालिकाको अनुमति लिए नलिएको जाँच गर्ने।

२०. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन÷प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२२. बजारक्षेत्रमा तीव्र गतीमा सवारी साधानहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।

२३. गाउँपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

२५. विपद, महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

२६. गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने।

२९. गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने र गराउने ।

ख) गाउँ प्रहरी सुपरिवेक्षकले गाउँ प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन– पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने गाउँ प्रहरी जवानहरुले गाउँ प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

## परिच्छेद – ४
## पदपूर्ती र योग्यता

६. **पदपूर्ती गर्ने तरिकाः** गाउँ प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछः

१) गाउँ प्रहरी को छनौट खुल्ला प्रतियोगिताद्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालिस प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

| | | |
|---|---|---|
| क | महिला | ४० प्रतिशत |
| ख | आदिवासी जनजाती | ३० प्रतिशत |
| ग | दलित | २० प्रतिशत |
| घ | अल्पसंख्क | १० प्रतिशत |

२) गाउँ प्रहरी को पदपूर्तीका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ ।

क) प्रमूख प्रशासकीय अधिकृत — अध्यक्ष

ख) जिल्ला प्रहरी र स्थानीय प्रहरी कार्यालयबाट अधिकृत स्तरको प्रतिनिधि — सदस्य

ग) प्रशासन शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी — सदस्य सचिव

३) पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

क) छोटो सूचीः गाउँ प्रहरीमा दखास्त दिने उम्मेदवारहरुको फर्मलाई शैक्षिक योग्यता, स्थायी बसोबास, कार्य अनुभवलाई आधार मानी छुट्टा छुट्टै अंक निर्धारण गरी कम्तीमा ४० अंक ल्याउने उम्मेदवारहरुको छोटो सूची प्रकाशन गरिनेछ। जस अन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनेको अंक ४०, प्रथम श्रेणीको अंक ३५, द्वितीय श्रेणीको अंक ३०, तृतीय श्रेणीको अंक २५, स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० जसमा

अर्जुनचौपारी गाउँपालिकाको बासिन्दा भएमा १०, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ र अन्य जिल्लाको बासिन्दा भएमा ० अंक प्रदान गरिनेछ । त्यसैगरी पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल भई कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकोलाई ५ अंक प्रदान गरिनेछ ।

ख) शारीरिक परीक्षणः छोटो सूचीमा परेका उम्मेदवारहरुको मात्र शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ), (च), (छ) र (ज) तथा उपदफा २ को (ङ), (च), (छ) र (ज) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरे पश्चात मात्र देहाय बमोजिम मूल्यांकन गरी उम्मेदवारहरु लाई लिखित परीक्षामा समावेश गरिनेछ।

अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । अर्जुनचौपारी गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ ।

इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलभई कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकोलाई ५ अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबल नेपालले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

ख) लिखित परीक्षाः लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

ग) अन्तरवार्ताः अन्तरवार्ताको लागि पूर्णाङ्क ३० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

४) समितिले एक जना अध्यक्ष र सम्बन्धित विषयको विज्ञ समेत रहने गरी कम्तीमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्नेछ ।

५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परीक्षाको लागि पाठक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

ख) दरखास्त फाराम उपर छानविन गर्ने ।

ग) छनौटका लागि कार्यतालिका बनाउने ।

घ) योग्यताक्रम सूची तयार गर्ने ।

ङ) नियुक्तिका लागि सिफारिस गर्ने।

७. योग्यताः

१) गाउँ प्रहरी सुपरिवेक्षक पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्ः

- क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,
- ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पदभन्दा माथि कम्तिमा ६ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने,
- ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
- घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,
- ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ४ फिट उचाई भएको ।
- च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
- छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
- झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२) गाउँ प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्ः

- क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४८ वर्ष ननाघेको,
- ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,
- ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
- घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,
- ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको।
- च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।
- छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।
- ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।
- झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

## परिच्छेद – ५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

८. **विज्ञापन सम्बन्धी व्यवस्थाः** समितिले गाउँ प्रहरी पदपुर्तीको लागि विज्ञापन गर्नुपर्दा अनुसूची– १ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ।

९. **दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्थाः** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची– २ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुभाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नु पर्नेछ । खुल्ला र समावेशी तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची– ३ बमोजिमको प्रवेश पत्र पाउनेछन् ।

१०. **नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्नेः** समितिले योग्यतक्रम निर्धारण गरी सोही बमोजिम सूचिकृत समेत गरी गाउँ प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ।

११. **सिफारिस तथा नियुक्तिः** दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चात् पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुर्नेछ । सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ।

## परिच्छेद – ६

## करार सम्बन्धी व्यवस्था

१२. करार गर्नेः

१) गाउँपालिकाले छनौट भई सूचिकृत गरेका मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ।

२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची– ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिको पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ।

४) यस कार्यविधि बमोजिम करार गर्दा ६ महिना देखि बढीमा १ वर्षसम्माका लागि मात्र करार गर्नु पर्नेछ। तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नैनभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ।

५) उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा

निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप गरिनेछ।

६) गाउँ प्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन।

७) यस दफा विपरीतको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

## १३. कार्य शर्त, पारिश्रमिक र अवधिः

१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ।

२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ।

३) कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ।

४) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन।

५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन।

## १४. करार समासीः

१) करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ।

## परिच्छेद – ७
## विविध

१५. **गाउँ प्रहरीको सेवा र सुविधाः** गाउँ प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँ कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ।

१६. **विदाः** गाउँ प्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ।

१७. **पोशाकः** गाउँ प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूची– ६ बमोजिम हुनेछ। डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ।

१८. **डिउटी अवधिः** गाउँ प्रहरीको डिउटी अवधि २४ सै घण्टा रहनेछ। प्रत्येक गाउँ प्रहरीले तालिका (पालोपहरा) बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी गर्नुपर्ने समय मिलाइनेछ।

१९. **व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ।

२०. **अमान्य हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा अर्जुनचौपारी गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

अनुसूची -१

(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना।

सूचना प्रकाशन मितिः ................

अर्जुनचौपारी गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यपालिकाको मिति.....................को निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको गाउँ प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको ......................... बैंकमा रहेको ......................खाता नं. .......................मा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| | | | | |

१. योग्यता

क) गाउँ प्रहरी सुपरिवेक्षक लागिः

अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

आ) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको वा नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, शशस्त्र वा जनपथबाट अवकास प्राप्त व्यक्तिहरु मध्येबाट निवेदन माग गरी छनौट गर्न सक्ने,

इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

ख) गाउँ प्रहरी जवानको लागिः

अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४८ वर्ष ननाघेको,

आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको वा नेपाल आर्मी सेवा निवृत्त,

इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको

ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

२. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता(लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ। पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ भने पूर्व जनमुक्ति सेनाको हकमा भने अनमिनले सूचिकृत गरेको कागजपत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

३. परीक्षाको किसिमः शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता।

४. परीक्षा केन्द्रः गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

५. दरखास्त दस्तुरः तह अनुसार तोकिनेछ।

६. तलब स्केलः गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

अनुसूची - २

(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

| हालसालै खिचेको पासपोर्ट साईजको फोटो |
|---|

## करारको लागि दरखास्त फाराम

दरखास्त फाराम भर्न चाहनेको पदः

विज्ञापन नम्बरः

फारम पेश गरेको कार्यालय

**(क)** वैयक्तिक विवरण

<table>
<tr><td rowspan="3">वैयक्तिक विवरण</td><td rowspan="2">नाम, थर</td><td>(देवनागरीमा)</td><td colspan="3"></td></tr>
<tr><td>(अंग्रेजी ठूलो अक्षरमा)</td><td colspan="2"></td><td>लिङ्ग</td></tr>
<tr><td colspan="2">नागरिकता नं.</td><td>जारी गर्ने जिल्लाः</td><td colspan="2">जारी मितिः</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>(क) जिल्लाः</td><td colspan="2">(ख) गा.पा/न.पा.</td><td colspan="2">(ग) वडा नं.</td></tr>
<tr><td>(घ) टोलः</td><td colspan="2">(ङ) मार्ग/घर नं.</td><td colspan="2">(च) फोन नं.</td></tr>
<tr><td colspan="3">पत्राचार गर्ने ठेगानाः</td><td colspan="3">ईमेलः</td></tr>
<tr><td colspan="3">बाबुको नाम, थरः</td><td colspan="3">जन्म मितिः (वि.स.मा)<br>(ई.स.मा)</td></tr>
<tr><td colspan="3">बाजेको नाम, थरः</td><td colspan="3">हालको उमेरः वर्ष महिना</td></tr>
</table>

**(ख)** शैक्षिक योग्यता/तालिम

१. दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

२.अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन।कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु र बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2" rowspan="2">उम्मेदवारको दस्तखत र मिति</td></tr>
<tr><td>दायाँ</td><td>बाँया</td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं.</td><td colspan="2">रोल नं.</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सोको कारणः</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखतः</td><td colspan="2"></td><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखतः</td></tr>
</table>

(दष्ट्रव्य) दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलिपी,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिप,

अनुसूची – ३

(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा

| हालसालै खिचेको पासपोर्ट साईजको फोटो |
|---|

## गाउँ प्रहरी परीक्षा प्रवेशपत्र

(..........................पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

क) विज्ञापन मितिः

ख) विज्ञापन नं.

ग) दर्ता, नम्बरः

घ) नाम,थर र ठेगानाः

ङ) उमेरः

च) श्रेणी, तहः

छ) उम्मेदवारको दस्तखत नमूनाः

भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्नेः

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ ।

परीक्षा केन्द्रः

अधिकृतको दस्तखतः

मितिः

अनुसूची – ४

(दफा १२ (२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

# करार सम्झौता

अर्जुनचौपारी गाउँ कार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ..................... जिल्ला ....................................... .......................... नगरपालिका/गाउँपालिका, वडा नं.........बस्ने श्री ........................................... (यसपछि दोश्रो पक्ष भनिएको का बीच अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी को कामकाज गर्न गराउन मिति ................................ को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं।

शर्तहरू

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. काम गर्नुपर्ने स्थानः अर्जुनचौपारी गाउँपालिका भौगोलिक क्षेत्रभित्र।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक तथा सेवा सुविधाः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु..................... (अक्षरेपी रु. ..............................................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

४. आचरणको पालनाः दोश्रो पक्षले अर्जुनचौपारी गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः सेवा करारमा नियुक्त गाउँ प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन। कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। अन्य विदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखि कानून बमोजिम कारवाही गरिनेछ ।

८. करार अवधिः यो करार मिति ...................... देखि लागु भई मिति ....................सम्मको

लागि हुनेछ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १२ (५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१२. थप सेवा/रासनः कार्यपालिकाले निर्णय गरे अनुसारको थप सेवा तथा रासन उपलब्ध गराईनेछ।

१३. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ

प्रथम पक्षको तर्फबाटः
हस्ताक्षरः
नाम, थरः
पदःठेगानाः

दोस्रो पक्ष (करार गर्ने व्यक्ति)
हस्ताक्षरः
नाम, थरः

साक्षीहरु
हस्ताक्षरः
नाम, थरः
पदः

इति सम्वत् ......रोज..... शुभम् ............ ।

अनुसूची-५

(दफा १२ (३) सँग सम्बन्धित पत्रको ढाँचा)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

च.नं.

प.सं.

मितिः

श्री.................................,

विषयः नियुक्ति सम्बन्धमा ।

तपाईलाई मिति २०७........../...../.. निर्णयानुसार सूचिकरण गरिए बमोजिम................................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७...../.../.....देखि २०७..../.../.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ। साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस अर्जुनचौपारी गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ।

नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

......................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनुहुन।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन।

अनुसूची – ६

(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)

स्थानीय सरकार

अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

| क्र.स. | विवरण | रङ्ग | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १ | टेरिकटन सर्ट र पाइन्ट | | २ | १ वर्ष |
| २ | ब्यारेट क्याप | | १ | २ वर्ष |
| ३ | सिठ्ठी र सिठ्ठी कर्ड | | १ | १ वर्ष |
| ४ | वेभ बेल्ट | | १ | २ वर्ष |
| ५ | बुट | | १ जोर | १ वर्ष |
| ६ | कुम ब्याज | | १ जोर | ५ वर्ष |
| ७ | टोपी ब्याज | | १ | ५ वर्ष |
| ८ | बर्सादी | | १ | ३ वर्ष |
| ९ | मोजा | | २ जोर | १ वर्ष |
| १० | स्वीटर | | १ | ३ वर्ष |
| ११ | ज्याकेट | | १ | ३ वर्ष |